आज मिति २०८१ साल श्रावण २९ गते मंगलबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८१/८२ को पहिलो बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थितिः</u>

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री कृष्ण बहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

<u>आमन्त्रित</u>

लेखा अधिकृत श्री वाचस्पति सुनुवार

शाखा अधिकृत श्री लिलानाथ नेपाल

सि.अ.हे.व. अधिकृत श्री नवराज न्यौपाने

पशु विकास अधिकृत श्री बुद्धिनाथ न्यौपाने

क.अ. श्री विष्णु देवकोटा

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. गाउँपालिकाको दररेट सम्बन्धमा ।
२. सार्वजनिक खरिद ऐन नियम सम्बन्धमा ।
३. बार्षिक स्विकृत आयोजना/कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि/कार्ययोजना सम्बन्धमा ।
४. कर्मचारी तथा पदाधिकारीहरुको ईन्धन सुविधा खर्च सम्बन्धी कार्यविधि सम्बन्धमा ।
५. सौर्य सिंचाई प्रणाली जडानका लागि प्रस्ताव गर्ने सम्बन्धमा ।
६. एक वडा एक कृषि उत्पादन कार्यक्रमका लागि वडा छनोट सम्बन्धमा ।
७. गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालनका लागि वडा छनौट गर्ने सम्बन्धमा ।
८. कालिका आधारभूत स्वास्थ्य सेवा केन्द्रको ल्याव असिस्टेन्ट व्यवस्थापन सम्बन्धमा ।
९. वि.व्य.स. अध्यक्ष तोक्ने सम्बन्धमा ।
१०. "घ" वर्गको निर्माण व्यवसाय ईजाजत सम्बन्धमा ।
११. एकिकृत खरिद प्रक्रिया तथा अनुगमन सम्बन्धमा ।
१२. नदि जन्य पदार्थको राजश्व संकलनका लागि नगदी रसिद छपाई सम्बन्धमा ।
१३. फोहरमैला व्यवस्थापन सम्बन्धमा ।
१४. सडक सौर्यवत्ती जडानका लागि अनुरोध गर्ने सम्बन्धमा ।
१५. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

कालिका गाउँपालिकाको आ.व. २०८१/०८२ को विभिन्न निर्माण कार्यका लागि आवश्यक पर्ने दररेट जिल्ला प्रशासन कार्यालय, रसुवाद्धारा चालु आ.व. २०८१/०८२ का लागि स्विकृत दररेटलाई कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. २**

कालिका गाउँपालिकाको आफ्नै सार्वजनीक खरिद ऐन तथा नियमावली स्विकृत गराई कार्यान्वयनमा ल्याउने सम्बन्धमा आवश्यक गृहकार्य भैरहेको सन्दर्भमा चालु आ.व. २०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा संघिय सरकारको सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लाई पूर्ण रुपमा आधार मानी कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कालिका गाउँपालिकाको चालु आ.व. २०८१/०८२ का लागि स्विकृत विनियोजन ऐन २०८१ बमोजिमको बार्षिक स्विकृत कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने क्रममा तयार गरिएको कालिका गाउँपालिकाको वार्षिक स्विकृत कार्यक्रम कार्यान्वयन कार्यविधि/कार्य योजना २०८१ स्विकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ४**

कालिका गाउँपालिकाको **कर्मचारी तथा पदाधिकारीहरुलाई ईन्धन सुविधा उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०८१** स्विकृत गरी तत्कालै कार्यान्वयनमा ल्याउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपाल सरकार उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मध्ये बानेश्वर काठमाण्डौ नेपालले मिति २०८१ साउन ११ गते सौर्य सिंचाई प्रणाली जडानका लागि आवेदन आव्हान गरेको सम्बन्धमा उक्त सुचना अनुसार कालिका गाउँपालिकाको वडा नं. ४ मा भदौरे र वडा नं. ३ को डिखेतमा खेति योग्य सिंचाई सुविधा गर्नुपर्ने जग्गाहरु प्रशस्त रहेता पनि कुलोको माध्यमबाट सिंचाई सुविधा विस्तार गर्न पानिको स्रोत नभएकाले सिंचाई सुविधा उपलब्ध गराउन नसकिएको सन्दर्भमा फलाखु खोलाको पानी पम्पद्धारा तानेर उल्लेखित २ स्थानहरुमा सिंचाई गर्न उपर्युक्त देखिएकोले सामुदायिक सिंचाईको लागि सौर्य पम्प जडान गरिदिन स्थानीय निकायको तर्फबाट व्यहोर्नुपर्ने ४० प्रतिशत लागत साझेदारीको प्रतिवद्धता सहित तपशिलका सौर्य सिंचाई आयोजनाहरुमा पम्प जडानका लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

१. फलाखु खोला भदौरे सौर्य सिंचाई कालिका-४ रसुवा
२. फलाखु खोला डि-खेत भोर्ले सौर्य सिंचाई कालिका-३ रसुवा

**निर्णय नं. ६**

बागमती प्रदेश सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय कृषि विकास निर्देशनालय हेटौंडा मकवानपुर को मिति २०८१/०४/१५ च.नं. ३० को समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनोट सम्बन्धी **सूचना पठाएको** सम्बन्धि पत्रानुसार यस गाउँपालिकाको तर्फबाट गत आ.व. २०८०/०८१ मै मिति २०८०/११/१६ गतेको कार्यपालिकाको निर्णयानुसार तपशिलमा उल्लेखित कार्यक्रमका लागि तथा तपशिल बमोजिमको वडा छनोट गरी गत मिति २०८०/११/३० गते च.नं. १०६१ पत्रबाट प्रस्ताव पेश भै सकेको सन्दर्भमा सोही अनुसार वडा/कार्यक्रम छनोट गरी प्रस्ताव पेश गर्न सम्बन्धित शाखालाई निर्देशन दिने र प्रस्तावना बमोजिम गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने २० प्रतिशत रकम गाउँपालिकाले स्रोत व्यवस्थापन गर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो ।

**तपशिल**

कृषि तर्फ तरकारी उत्पादनका लागि गाउँपालिकाको २ वडा र पशु तर्फ बाख्रा पालनका लागि ५ वडा छनोट गर्ने

**निर्णय नं. ७**

कालिका गाउँपालिकामा संघिय सरकारको शसर्त कार्यक्रम अन्तरगत संचालनमा रहेको गरिबी निवारणका लागि लघु उद्यम (MEDPA) कार्यक्रम संचालनका लागि चालु आ.व. २०८१/०८२ का लागि वडा नं. १, २ र ३ छनोट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कालिका गाउँपालिकाको वडा नं. २ मा रहेको कालिका आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत ल्याव असिस्टेन्ट (सहायक चौथो) श्री इन्द्रजीत तामाङलाई वागमती प्रदेश युवा परिषद संगको साझेदारीमा मासिक थप पारिश्रमीक रु. १२,६१०।– समेत जम्मा रु. २८,६१०।– उपलब्ध गराउँदै आएकोमा चालु आ.व. २०८१/०८२ का लागि प्रदेश युवा परिषदबाट प्रदेशले उपलब्ध गराउने पारिश्रमीक उपलब्ध गराउन नसकिने व्यहोराको पत्र प्राप्त भएको तथा स्वास्थ संस्थामा ल्याव सेवा प्रवाह गर्ने अन्य कर्मचारी नभएको र ल्याव सेवा लिने विरामीको चाप वढी भएको स्वास्थ संस्था भएको हुँदा २०८१ श्रावण १ गते देखि लागु हुने गरी निज ल्याव असिस्टेन्ट श्री इन्द्रजीत तामाङलाई करार सम्झौता गरी मासिक रु. २८,६१०।– गाउँपालिका स्वास्थ सेवा तर्फ विनियोजित तलव तथा सेवा परामर्श शिर्षकको बजेटबाट उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

कालिका गाउँपालिका शिक्षा ऐन २०७९ को दफा २५(१)(क) बमोजिम वडा समितिबाट सिफारिस भै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तोक्ने प्रयोजनका लागि प्राप्त हुन आयका नामावली मध्येबाट तपशिलका विद्यालयमा तपशिल बमोजिमका व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तोक्ने निर्णय गरियो ।

**तपशिल**

| क.सं. | विद्यालयको नाम | ठेगाना | व्यवस्थापन समितिको अध्यक्ष | कैफियत |
|---|---|---|---|---|
| १ | श्री निलकण्ठ नमूना मा.वि. | कालिका-५ रसुवा | श्री सन्दिप पौडेल | |

**निर्णय नं. १०**

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा "घ" वर्गको निर्माण व्यवसाय ईजाजतको लागि पेश भएको तपशिलमा उल्लेखित कम्पनी तथा फर्महरुलाई कालिका गाउँपालिकाद्धारा जारी "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ बमोजिम ईजाजत प्रदान गर्न योग्य रहेको भनी मुल्याङ्कन तथा प्राविधिक समितिबाट सिफारिस भै आएकोले उक्त निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजत-पत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**

१. ओम गणेश साई कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., कालिका-२, रसुवा ।

२. बिम्ब कन्स्ट्रक्सन प्रा.लि., कालिका-३, रसुवा ।

**निर्णय नं. ११**

कालिका गाउँपालिकाको चालु आ.व. २०८१/०८२ का लागि स्विकृत सार्वजनीक खरिद ऐन नियमानुसार खरिद गर्नुपर्ने खरिद प्रक्रियालाई गाउँ कार्यपालिकाद्धारा गठित खरिद सहजिकरण समिति र खरिद इकाइको निर्णयानुसार एकिकृत खरिद प्रक्रिया अगाडि बढाउने तथा खरिद कार्य सम्पन्न पश्चात गाउँपालिकाको अनुगमन समितिबाट अनिवार्य अनुगमन गरी प्रतिवेदन प्राप्त भए पश्चात मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा/आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

कालिका गाउँपालिका अन्तरगत नदिजन्य पदार्थ बिक्री वितरणका लागि सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेका व्यक्ती वा कम्पनीहरुबाट नदिजन्य पदार्थको राजश्व संकलन गर्ने प्रयोजनका लागि र.नं. १ देखि २००० सम्मको कर संकलन रसिद छपाईका लागि गाउँपालिका जिन्सी शाखालाई अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

कालिका गाउँपालिकाको वडा नं. २ मा गाउँपालिकाद्धारा निर्मित फोहरमैला वर्गिकरण केन्द्र निर्माणको क्रममा रहँदा वडा नं. २ को मात्र फोहरमैला संकलन गर्ने गरिएकोमा फोहरमैला वर्गिकरण केन्द्र पूर्ण रुपमा निर्माण भै संचालन हुने अवस्थामा रहेकोले अव उपरान्त गाउँपालिकाद्धारा तोकिएको फोहरमैला शुल्क सम्बन्धित वडा कार्यालय मार्फत संकलन गरी १, ३ र ५ नम्बर वडाहरुबाट समेत नकुहिने फोहर संकलन गरी वर्गिकरण केन्द्रमा ल्याउने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४

कालिका गाउँपालिका अन्तरगतका ५ वटै वडाका सडक तथा गोरेटो बाटो र सार्वजनीक स्थलहरुमा आ.व. २०८१/०८२ मा कम्तिमा १०० थान सौर्यवत्ती जडानको लागि आवश्यक व्यवस्थापन गरीदिन उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र काठ्माण्डौमा अनुरोध गर्ने निर्णय गरियो ।